# पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
च.नं.:

मिति : २०७८/०८/०१


### स्वयम्सेवक शिक्षक (करार) पदपूर्तिको लागि विज्ञापन सम्बन्धी सूचना ।

पालुङटार नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा यस नगर कार्यपालिकाबाट स्वीकृत **स्वयम्सेवक शिक्षक छनौट कार्यविधि २०७७** बमोजिम स्वयम्सेवक शिक्षक (करार) पदपूर्ति गर्नुपर्ने भएकाले तपसिल बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | विषय | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१-०७८/०७९ | स्वयम्सेवक शिक्षक | माध्यमिक तह (९-१२) | अङ्ग्रेजी | ३ | आवश्यक ठहरिएमा विज्ञापनको मितिले ७ दिनभित्र माग संख्या संसोधन गरिनेछ । |
| | | | | विज्ञान | २ | |
| | | | | लेखा | १ | |
| | | | | सामाजिक | २ | |
| २ | ०२-०७८/०७९ | स्वयम्सेवक शिक्षक | आधारभूत तह (६-८) | अङ्ग्रेजी | ४ | |
| | | | | नेपाली | २ | |
| | | | | विज्ञान | २ | |
| | | | | गणित | २ | |
| ३ | ०३-०७८/०७९ | स्वयम्सेवक शिक्षक | आधारभूत तह (१-५) | - | ६ | |
| ४ | ०४-०७८/०७९ | स्वयम्सेवक बालविकास सहजकर्ता | बालविकास सहजकर्ता | - | ७ | |

दरखास्त दस्तुर : रु. ५१०

दरखास्त दस्तुर बुझाउने स्थान : आन्तरिक राजश्व शाखा, पालुङटार नगरपालिका वा यस नगरपालिकाका सबै वडा कार्यालयहरु ।

दरखास्त पेश गर्ने स्थान : शिक्षा, युवा तथा खेलकुद शाखा, पालुङटार नगरपालिका ।




Scanned with CamScanner

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९
च.नं.:

मिति : २०७८/०८/०१

**आवश्यक कागजात :**

अनुसूची १ बमोजिमको आवेदन फारम, व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, राजश्व तिरेको रसिद र सामुदायिक विद्यालयको निजी स्रोतमा अध्यापन गराएका शिक्षकहरुले सम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट प्रमाणित गरेको शिक्षण अनुभव प्रमाणपत्र ।

**दरखास्त पेश गर्ने अवधि :** मिति २०७८/०८/१५ गते कार्यालय समयभित्र ।

**परीक्षा मिति :** पछि प्रकाशन गरिनेछ ।

**स्वयम्सेवक शिक्षक हुन चाहिने योग्यता**

(क) नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) बालविकास सहजकर्ताको लागि कम्ती एस.ई.ई. वा सो सरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । आधारभूत तह (कक्षा १-५) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । आधारभूत तह (कक्षा ६-८) का लागि भने सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । माध्यमिक तहका लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ग) शिक्षाशास्त्र सङ्काय अध्ययन गरेको हुनुपर्नेछ तर विज्ञान, गणित, अङ्ग्रेजी र लेखा विषय अध्यापनका लागि शिक्षाशास्त्र सङ्काय बाध्यकारी हुने छैन ।

(घ) उमेदवारको उमेर आवेदन फाराम भर्ने म्याद कायम भएको अन्तिम मितिसम्म १८ वर्ष पुगेको र ४० वर्ष ननाघेको हुनुपर्नेछ तर महिला उमेदवारको हकमा ४२ वर्ष ननाघेको पनि मान्य हुनेछ ।

नोट : सामान्य परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीलाई मात्र विषयगत परीक्षामा सहभागी गराइनेछ भने पाठ्यक्रम शिक्षक सेवा आयोगले तोकेको परिमार्जित पाठ्यक्रम अनुसार हुनेछ । साथै परीक्षाको किसिम, सेवा, सुविधा सर्त, नियुक्ति तथा अन्य प्रक्रिया **स्वयम्सेवक शिक्षक छनौट कार्यविधि २०७७ मा** तोकिएबमोजिम हुनेछ । कार्यविधि तथा आवेदन फाराम नगरपालिकाको वेवसाइट www.palungtarmun.gov.np मा गई डाउनलोड गर्न सकिनेछ ।

**बाबुराम कारखेती**
**नि. प्रमुख प्रशासकीय अधिकृत**



Scanned with CamScanner